५. वैठकको अन्त्यमा, अध्यक्ष क. प्रचण्डले छलफलमा उठेका विषयहरू वारे स्पष्ट पार्दै संक्षिप्त रूपमा संश्लेषण गर्नुभयो ।

जस अनुसार,

- सवै कमरेडहरूले मुलुकको परिस्थिति, सरकारमा रहेको समयमा भए गरेका काम-कारवाहीहरू, पार्टीको कार्यदिशा, कार्यनीति, पार्टी नेतृत्व, पार्टी संगठनका समस्याहरू लगायतका विषयहरूमा खुलेर छलफल गर्नुभयो । त्यसले पार्टीको केन्द्रीय समितिको पूर्ण वैठकको लागि प्रस्ताव तयार गर्न महत्वपूर्ण योगदान पुगेको र **सान्दर्भिक तथा आवश्यक विषयहरूलाई आगामी केन्द्रीय समितिको वैठकमा प्रस्तुत हुने दस्तावेजमा समेटिने बिश्वास ब्यक्त गर्दै** सवै कमरेडहरूप्रति आभार प्रकट गर्नुभयो ।

- वैठकमा अभिव्यक्त भएका कतिपय कमरेडहरूका भनाईहरू सञ्चार माध्यमहरूमा सार्वजनिकिकरण हुँदा त्यसले पार्टीलाई गम्भिर क्षति पुर्याउछ । पार्टी कमिटिमा अन्तर-जनवादको पूर्ण स्वतन्त्रता छ र हुने छ । तर पार्टी कमिटि भित्रका हरेक कुरा सार्वजनिकिकरण गर्नु पार्टीको सामान्य मूल्य-मान्यताको समेत गम्भिर उल्लङ्घन हुन जान्छ । अत: आगामी दिनमा त्यस प्रकारका कार्यहरू हुन नदिन सतर्क रहँदै पार्टीको कार्यदिशा, पार्टीको आन्तरिक एकता र पार्टी नेतृत्वको पक्षमा एकताबद्ध भएर उभिन सवै कमरेडहरूप्रति हार्दिक आग्रह गर्नुभयो । **पछिल्लो समयमा कतिपय सन्दर्भमा हाम्रो पार्टी बिभाजन हुँदै छ भनि जसरी चर्चा परिचर्चा चलिरहेको र त्यसमा पनि उपमहासचिव क.जनार्दन शर्मा 'प्रभाकर' ले पार्टी फुटाउदै छ भन्ने प्रचारमा कुनै सत्यता नरहेको विषय स्पष्ट पार्नुभयो । साथै हाम्रो पार्टी एकतावद्ध रहेको र रहिरहने बिश्वास ब्यक्त गर्दै** वैठकको समापन गर्नुभयो ।

*क्रान्तिकारी अभिवादन सहित*